# पर्सागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हरपुर पर्सा
प्रदेश नं. २ नेपाल

# शिलबन्दी बोलपत्र आब्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७/०९/१३ गते)**

यस पर्सागढी नगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा १८ (१) बमोजिम यस नगरपालिकाको स्वामित्वमा रहेको बैरी पोखरी जे जो अवस्थामा छ सोही अवस्थामा नै आ.व.२०७७/०७८ देखि २०८१/०८२ (५ पांच बर्ष) सम्मको लागि माछा उत्पादन गर्ने प्रयोजनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति फर्म वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दिन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० तीस दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको सानिमा बैंक पर्सागढी शाखामा रहेको खाता नं.०६३०१००४००००००५ मा जम्मा गरि वा यस नगरपालिकाको राजस्व शाखाबाट रु ३०००।०० को (पछि फिर्ता नहुने गरी) रसिद काटी शिलबन्दी बोलपत्र खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको बोलपत्रको आफूले कबोल गरेको रकरम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गरी सूचना प्रकाशित भएको मितिले ३१ एकतीसौ दिन दिनको १२:०० बजे सम्म बोलपत्र पेश गर्नेको नाम र ठेगाना उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ। बोलपत्र साथ यस कार्यालयको सानिमा बैंक पर्सागढी शाखामा रहेको धरौटी खाता नं. ०६३०१००२००००००३ मा आफूले कबोल गरेको रकमको ५ प्रतिशतले हुने रकम नगदै दाखिला वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरिएको बोलकबोल जमानी पत्र (कम्तीमा १२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नुपर्नेछ। धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा कार्यालय जिम्मेवार हुने छैन। साथै त्यस्तो बोलपत्रहरु अमान्य हुनेछ।

३ दर्ता भएका शिलबन्दी बोलपत्र ३१ एकतीसौ दिन दिनको २:०० बजे सम्बन्धित कार्यालय तथा बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ तर प्रतिनिधि उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन।

४. बोलपत्र खरिद गर्ने दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु विदाको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।

५. नगरपालिकालाई बुझाउनुपर्ने बांकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाकी रकम वा नगद जिन्सी बुझाउन बाकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन कुनै कारण बश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै सूचनामा केही थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पाटीमा टांस गरी जानकारी गराइनेछ साथै सूचना सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

७ ठेक्का स्वीकृत भए पश्चात रकम बुझाउदा सम्बन्धित व्यक्ति वा फर्मले ५ किस्ता वा एकमूष्ठ रकम बुझाउन सकिनेछ। एकमूष्ठ बुझाउदा ५ प्रतिशत छुट दिईनेछ तर किस्तामा बुझाउदा छुट दिइने छैन। किस्ता रकम बुझाउदा प्रथम किस्ता चलन पूर्जी लिनु अगावै र वाकी किस्ताहरु क्रमश: आ.व. २०७८/०७९ देखि २०८१/०८२ को प्रथम चौमासिक भित्रै बुझाउनूपर्ने छ। उक्त समय भित्र नबुझाए ठेक्का बदर गरी पोखरीमा रहेको माछा धरौटी जफत गरी कार्यालयले पुन अर्को ठेक्का बन्दोबस्त गर्नेछ।

८. किस्तावन्दी भूक्तानीको हकमा हरेक किस्ता रकम बुझाएको सोही दिन वा सोको भोलिपल्ट चलन पूर्जी दिइनेछ। किस्ता रकम म्याद भित्र नबुझाएमा पर्सागढी नगरपालिकालाई ००१ प्रतिशत प्रति दिन सो किस्तामा बुझाउन बांकी रकमको हिसाबले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नुपर्नेछ।

९. पोखरीको संरचना आफुखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतिपुर्ती ठेक्का लिने व्यक्तिबाट नगरपालिकाले असूल उपर गरी कानुनी कारवाही गरिनेछ।

१०. रित नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. अन्य जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१२. उपरोक्त लेखिए बाहेक अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

**ठेक्का बन्दोबस्तको लागि पोखरीको विवरण**

| आय ठेक्का नं. | पोखरीको नाम | ठेगाना | न्युनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र दस्तूर |
|---|---|---|---|---|
| ०३/२०७७।०७८ | बैरी पोखरी | पर्सागढी नगरपालिका वडा नं. २ | ४०००००।०० | ३०००।०० |

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाका कार्यालय
हरपुर, पर्सा
प्रदेश नं २ नेपाल